आज मिति २०७७/०९/०२ गते विहिवार विहान ११.०० बजे विहान यस सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झगबहादुर विश्वकर्माज्यूको अध्यक्षतामा तपशिल बमोजिमका कार्यपालिका सदस्यज्यूहरूको उपस्थितिमा गाउँकार्यपालिकाको ७६ औं बैठक बसि निम्न बमोजिमका निर्णयहरुका साथ सम्पन्न गरियो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री झग बहादुर विश्वकर्मा | अध्यक्ष | |
| २ | श्री मिना कुमारी सोमै | उपाध्यक्ष | |
| ३ | श्री बसन्त बहादुर जि.सी. | सदस्य | |
| ४ | श्री चिन्त बहादुर सोमै मगर | सदस्य | |
| ५ | श्री भिम बहादुर मर्साङी मगर | सदस्य | |
| ६ | श्री तुल बहादुर रोका मगर | सदस्य | |
| ७ | श्री मुकुन्द राज शर्मा | सदस्य | |
| ८ | श्री सन्त बहादुर बराल मगर | सदस्य | |
| ९ | श्री मो. हलिम हलुवाइ | सदस्य | अनुपस्थित |
| १० | श्री टंक प्रसाद सुनार | सदस्य | |
| ११ | श्री शुशिला के.एम. | सदस्य | |
| १२ | श्री चन्द्रिमा थापा | सदस्य | चन्द्रीमा |
| १३ | श्री जिवा सुनार | सदस्य | जिवा सुनार |
| १४ | श्री खिमा सुवेदी | सदस्य | खिमा |
| १५ | श्री चिन्तामणि रेग्मी | सदस्य-सचिव | |
| अन्य उपस्थिति | | | |
| १ | श्री लक्ष्मण आचार्य [illegible] | प्रशासन शाखा प्रमुख | |
| २ | श्री टोप बहादुर आले " | आर्थिक प्रशासन प्रमुख | |
| ३ | श्री धन बहादुर राना | कार्यालय सहयोगी | |

Scanned with CamScanner

## सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक (बैठक संख्या-७६)

### मितिः- २०७७/०९/०२

**बैठकका प्रस्तावहरुः**

१. आर्थिक सहायता सम्बन्धमा ।

२. ढुंगा गिट्टि वालुवाको उत्खनन र निकासी सम्बन्धमा ।

३. ढुंगा गिट्टि वालुवा उत्खनन/निकासी जरिवाना सम्बन्धमा ।

४. झो.पु. कार्यक्रमको साझेदारी रकम सम्बन्धमा ।

### २०७७/०९/०२ गतेका गाउँकार्यपालिका बैठकका निर्णयहरु

**निर्णय न. १ आर्थिक सहायता सम्बन्धमा ।**

यस गाउँपालिकामा आर्थिक सहायताको लागी प्राप्त भएका निवेदनहरु मध्ये तपशिल बमोजिम सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपशिलः

| सि.न | व्यक्तिको नाम | ठेगाना | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | रिता सुनार | वडा न. १ | १५,०००/- | दिर्घरोग स्वास्थ्य सहायता कोष |
| २ | टिका अछामि | वडा न. ५ | २०,०००/- | दिर्घरोग स्वास्थ्य सहायता कोष |
| ३ | दिपक बादी | वडा.१ | ५,०००/- | दिर्घरोग स्वास्थ्य सहायता कोष |
| ४ | गुमान सिंह रानामगर | वडा न. ५ | १०,०००/- | विपद व्यवस्थापन कोष |

**निर्णय न. २ ढुंगा गिट्टि वालुवाको उत्खनन र निकासी सम्बन्धमा ।**

यस गाउँपालिकाको स्वीकृत संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ बमोजिम यस सरुमारानी गाउँपालिकाको राप्ती नदिवाट नदिजन्य पदार्थ ( ढुंङ्गा, गिट्टि र वालुवा) को उत्खनन तथा निकासीका लागी झिलिवाङ्ग धाद्र, तित्रिवाङ्ग, सुनघाट बगर, ददेरी बगर (क) र ददेरी बगर (ख) स्थानहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE )

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बङ्डाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

कृष्ण बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

२०७७ स्वीकृत भएको, स्वीकृत प्रतिवेदन अनुसार नदिजन्य पदार्थ (ढुंङ्गा, गिट्टि र वालुवा) को उत्खनन तथा निकासीका लागी राष्ट्रपति चुरे मधेश संरक्षण विकास समितिसंग अनुमती लिने प्रक्रिया जारी रहेको र वोलपत्र प्रक्रिया अगाडी बढाउन अझै केही समय लाग्ने भएकोले ढुंङ्गा, गिट्टि र वालुवाको अभावले यस गाउँपालिकाका विकास निर्माणका कार्यहरु ठप्प भएको हुँदा गाउँपालिका भित्रका विकास निर्माणका कार्यहरुलाई अगाडी बढाउन आन्तरिक प्रयोजनको लागी प्रदेश सरकारले निर्धारण गरेको ढुंङ्गा, गिट्टि र वालुवाको दररेट अनुसार प्रति टेक्टर रु. ४००/-, ६ चक्के टिप्परको प्रति टिप्पर रु. १,६००/-, १० चक्के टिप्परको प्रति टिप्पर रु. २,४००/- दरले गाउँपालिकाबाट कर्मचारी खटाई नगदि रसिद काटी विहान ७ बजे देखि साझ ४ बजे भित्र ढुंङ्गा, गिट्टि र वालुवा निकासी गर्ने गरी हाललाई दुई हप्ताको लागी **तित्रिवाझ, सुनघाट वगर, ददेरी बगर (क)** स्थानहरुबाट ढुंङ्गा, गिट्टि र वालुवा उत्खनन र निकासी खुल्ला गर्नका लागी सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय न. ३ ढुंगा गिट्टि वालुवा उत्खनन/निकासी जरिवाना सम्बन्धमा ।**

यसरी निर्णय न. १ अनुसारको ढुंङ्गा, गिट्टि र वालुवाको निकासी गर्दा कसैले तोकिएको समय र क्षेत्रवाट यस गाउँपालिकाको प्रमाणित नगदि रसिद प्रयोग नगरी वा रातको समयमा ढुंङ्गा, गिट्टि र वालुवा निकासी गरेको पाईएमा **प्रति टेक्टर पहिलो पटक कारवाही स्वरुप रु. ५,०००/- र दोश्रो पटक पछि प्रतिपटक रु. ५,०००/-** का दरले थप जरिवाना र टिप्परहरुलाई प्रति टिप्पर **पहिलो पटक कारवाही स्वरुप रु. १०,०००/- र दोश्रो पटक पछि प्रति पटक रु. १०,०००/-** का दरले थप जरिवाना गर्ने निर्णय गरियो ।

**निर्णय न. ४ झो.पु कार्यक्रमको साझेदारी रकम सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिकाको सशर्त अनुदान शिर्षकबाट निर्माण गरिने झोलुङ्गे पुलहरु निर्माणको लागी गाउँपालिकाबाट १३ प्रतिशत साझेदारी रकम व्यहोर्नु पर्ने भएकोले सो वरावरको रकम यस गाउँपालिकाको चालु आ.ब. २०७७/०७८ को स्वीकृत बार्षिक कार्यक्रमको साझेदारी योजना तथा कार्यक्रम संचालन शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

खड्ग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष